धनगढी उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाल
७ नं. प्रदेश, नेपाल

# सूचना

## तेस्रो पटक प्रकाशित मिति २०७५।०३।१३

धनगढी उप महानगरपालिमा संचालित क्षेत्रीय शहरी बिकास आयोजना RUDP लाई प्रभावकरी रुपले अगाडी बढाउनु र कार्य सम्पादनमा आधारित सामाजिक तथा आर्थिक विकास कार्यक्रमलाई कार्यान्वयन गर्न आयोजना कार्यान्वयन सहयोग इकाई (PISU) मा जनशक्ति आवश्यक भएकोले देहायको पदमा २०७६ असार मसान्त सम्मका लागि सेवा करारबाट पदपूर्ती गर्नुपर्ने भएकाले इच्छुक योग्य नेपाली नागरिकहरुबाट यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र यस कार्यालयमा रितपूर्वक आइपुग्ने गरी दरखास्त आह्वान गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कार्वाही गरिने छैन।

| सि.नं. | विज्ञापन नं. | पद | श्रेणी | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|---|---|
| १ | १३।२०७४।०७५ | वातावरण अधिकृत | अधिकृत स्तर छैठौ | १ | वातावरण बिज्ञान विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको वा वातावरण व्यस्थापन विषयमा स्नातकोत्तर तह वा वातावरण ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तिर्ण गरेको | ३ वर्ष |

**परीक्षाका किसिम :-** अन्तर्वार्ता।

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु:** दरखास्त फारम सहित स्वयंले प्रमाणित गरेको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्युनतम शैक्षिक योग्यताको लाब्धाङ्क पत्रको प्रतिलिपि, चारित्रिक सर्टिफिकेटको प्रतिलिपि र सेवा सम्बन्धी आवश्यक कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि वा वातावरण ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तिर्ण गरेको हकमा नेपाल ईञ्जिनियरिङ काउन्सिलमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

**दरखास्त दस्तुर :- रु १०००|-(रु .एक हजार मात्र )** बुझाउनु पर्नेछ।

**दरखास्त बुझाउने स्थान:- धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय**

**दरखास्त दिने अन्तिम मिति :-** २०७५।०३।१९ गते

**उम्मेदवारका उमेरको हद :-** दरखास्त बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेका र महिला हकमा ४० वर्ष ननाघेको।

**तलब**:- नगरपालिकाले तोके बमोजिम।

**द्रष्टव्य:**

(क) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएका वा न्यूनतम योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएका दस्तुर नबुझाएका दरखास्त स्वीकृत गरिने छैन।

(ख) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताका समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

सम्पर्क: **धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रशासन शाखा**

सन्त बहादुर सुनार
( प्रमुख प्रशासकीय अधिकृत)